स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



दीपक-दीपा समूहबाट अलग भएपछि अभिनेता जितु नेपाल एकपछि अर्को फिल्ममा आबद्ध भइरहेका छन् । यस वर्ष "ज्वाइँ साब" र "कार्साङ"मा देखिएका उनले एक महिनाअघि फिल्म "परालको आगो" सम्झौता गरेका थिए । अब उनी अर्को फिल्म "कार्की साइँला"मा अनुबन्ध भएका छन् । उनलाई फिल्मको मुख्य भूमिकामा लिइएको निर्देशक राजेन्द्र बस्नेतले बताए ।

**आजको विचार...**



नेपालमा.... *(दुई पेजमा)*

हरिविनोद अधिकारी

अभिनेता धीरज मगर र अभिनेत्री मिरुना मगरले पहिलो पटक सहकार्य गरेको फिल्म "कुस्ती"को छायांकन सकिएको छ । छायांकनको ३९औं दिनमा गीत बाहेकका दृश्य सकेर मंगलबार "इन्डक्ल्याप" गरिएको निर्माता तथा निर्देशक अनिल योञ्जनले जानकारी दिए । फिल्मलाई काठमाडौं आसपासका क्षेत्रमा खिचिएको हो । आगामी भदौमा रिलिजको तयारी गरिएको फिल्ममा धीरज र मिरुनासहित पुस्कर गुरुङ, लुनिभा तुलाधर, भोलाराज सापकोटा, दीकिला शेर्पा, रवीन्द्र झा, रजनी गुरुङ, सुवर्ण थापा लगायतको अभिनय छ ।



❑ वर्ष ३० ❑ अंक २५६ ❑ २०८१ चैत २९ गते शुक्रबार 11 April 2025, Friday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### आक्रमणमा २९ जनाको मृत्यु

(रासस/सिन्ह्वा)

**गाजा, चैत २८**/इजरायली हवाई आक्रमणले गाजा सिटीको शुजैय्या क्षेत्रमा २९ जना प्यालेस्टिनी नागरिकको मृत्यु भएको छ र ५० भन्दा बढी घाइते भएका छन् । यसैगरी, मलबामा केही मानिसहरू फसेका गाजा सिभिल डिफेन्सले जनाएको छ ।

गाजा सिभिल डिफेन्सका प्रवक्ता महमूद बसलले उद्धार टोलीहरूले मलबामा फसेका जीवित र मृतकहरूलाई निकाल्ने काम गरिरहेका बताए । फिलिस्तीनी सुरक्षा स्रोतहरूले आक्रमणले आठ वटा घरलाई निशाना बनायो, जसले पुरै क्षेत्रलाई नष्ट गरेको छ । इजरायली सेनाले यस बारेमा केही बोलेको छैन । गाजा स्वास्थ्य अधिकारीहरूका अनुसार चौबिस घण्टामा ३६ शव र ४१ घाइते व्यक्तिहरू अस्पतालमा ल्याइएका छन् ।

गाजा स्वास्थ्य अधिकारीहरूका अनुसार इजरायलले १८ मार्चमा सैन्य कारबाही सुरु गरेपछि एक हजार ४८२ प्यालेस्टिनीको मृत्यु भएको छ भने तीन हजार ६८८ घाइते भएका छन् । साथै, इजरायली आक्रमणले नुसेइरात शहरमा दुई जनाको मृत्यु भएको र एक जनालाई घाइते बनाएको छ । गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायली आक्रमणमा कम्तीमा ५० हजार ८४६ प्यालेस्टिनीको मृत्यु भएको छ । मन्त्रालयले मृतकमध्ये कति नागरिक वा लडाकूहरू थिए भनेर बताउँदैन । इजरायली आक्रमणमा थप एक लाख १५ हजार सात सय २९ जना घाइते भएको मन्त्रालयले बताएको छ । इजरायलले कुनै प्रमाण नदिई करिब २० हजार लडाकू मारिएको बताएको छ ।

# हावाहुरीको वितण्डा

## तानसेनमा जारी महोत्सव समेत प्रभावित

*हावाहुरीका कारण मेला महोत्सव, घर, होटल,विद्यालय, मन्दिरलगायत संरचनाका छाना उड्नुका साथै पशुचौपायका खोर, गोठ समेत क्षतिग्रस्त भएका छन् ।*

**रामचन्द्र रायमाझी**

**पाल्पा, चैत २८**/बुधबार साँझदेखि पानीसहित आएको हावाहुरीले पाल्पा, गुल्मी, अर्घाखँची लगायतका जिल्लाहरुमा वितण्ड मच्याएको छ । हावाहुरीका कारण मेला महोत्सव, घर, होटल, विद्यालय, मन्दिरलगायत संरचनाका छाना उड्नुका साथै पशुचौपायका खोर, गोठ समेत क्षतिग्रस्त भएका छन् ।

हावाहुरी र वर्षाले पाल्पामा जारी दोस्रो तानसेन महोत्सवमा ठूलो क्षति पुगेको छ । तानसेनको कृषि, रोजगार, पर्यटन तथा व्यापारलाई लक्षित गरी चैत २२ गतेदेखि सञ्चालन गरिएको महोत्सव बुधबार दिउँसो देखिको वर्षा र हावाहुरीले करोडौंको क्षति पुऱ्याएको छ । बुधबार दिउँसो कार्यक्रमको तयारी भइरहेको बेला अचानक वर्षा र हावहाहुरी चलेपछि महोत्सवमा भाग दौड मच्चिएको थियो । कार्यक्रममा आफ्नो प्रस्तुती देखाउन आएका स्थानीयदेखि राष्ट्रियस्तरका कलाकारहरु समेत आफ्नो कला देखाउनबाट बञ्चित भए । असिनासहित वर्षा भएपछि महोत्सव हेर्न भेला भएका हजारौं बालबच्चादेखि बुढापाका बीच भागदौड



मच्चिएको थियो । वर्षाका कारण सांस्कृतिक कार्यक्रम स्थगित गरि विहीबार सञ्चालन गर्ने तयारीमा आयोजक थिए । तर बुधबार राती नै ठूलो हावाहुरी र वर्षाका कारण महोत्सवस्थलमा बनाइएका स्टेज, स्टल, प्रवेशद्वार, घेरबारलगायत ढलेका छन् । जसले गर्दा महोत्सव नै अनिश्चित बनेको छ । महोत्सवस्थलमा राखिएका विभिन्न स्टलका सामान ठूलो क्षति पुगेको व्यापारीहरुले बताएका छन् । हावाहुरीले मानवीय क्षति भने नभएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

वर्षा र हावाहुरीका कारण महोत्सवस्थलमा ठूलो क्षति पुगेकाले पुन: नयाँ संरचना निर्माण गरेर मात्र महोत्सव सञ्चालन गरिने पाल्पा व्यापार सङ्घका अध्यक्ष विष्णुबहादुर कार्कीले बताए । उनका अनुसार महोत्सवमा बनाइएका स्टेज, स्टल, प्रवेशद्वारमा क्षति पुगेको र क्षतिको यकिन विवरण संकलन गर्ने काम भइरहेको छ ।

*-बाँकी अन्तिम पेजमा...*

# एकीकृत समाजवादी गुल्मीको अध्यक्षमा ठकुरी



**गुल्मी, चैत २८**/नेकपा (एकीकृत समाजवादी) गुल्मीको अध्यक्षमा राममल्ल ठकुरी निर्विरोध निर्वाचित भएका छन् । तम्घासमा भएको पार्टीको १२ औं जिल्ला अधिवेशनले ठकुरीलाई अध्यक्षमा निर्विरोध निर्वाचित गरेको हो ।

इस्मा गाउँपालिका-२ रातडाँडा निवासी ठकुरी लामो समय नेकपा एमालेको राजनीतिमा सक्रिय थिए । पार्टी विभाजनपछि उनले समाजवादीमा रहेर जिल्लाको पार्टी निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको पाइन्छ । यस अघि उनी राष्ट्रिय भूमि आयोग गुल्मीका अध्यक्ष समेत थिए । विभिन्न सामाजिक संघ संस्थामा समेत ठकुरी सक्रिय रहँदै आएका छन् । अध्यक्षको जिम्मेवारी पाएसँगै उनले पार्टी संगठनलाई थप बलियो र मजबूद बनाएर लैजाने बताएका छन् । अधिवेशनले कमिटीको उपाध्यक्षमा कमला बराल, रामजी ज्ञवालीलाई चयन गरेको छ । यस्तै सचिवमा बसन्त अधिकारी, उपसचिवमा सावित्रा भण्डारी, पिताम्बर पौडेल र सनबहादुर बुचा चयन भएका छन् ।

# सचेतना कार्यक्रमले निस्दीमा घट्दैछ बालविवाह

**रामपुर (पाल्पा), चैत २८**/बालविवाह न्यूनीकरणका लागि पाल्पाको निस्दी गाउँपालिकाले सचेतनामूलक कार्यक्रममा जोड दिएको छ । पालिकास्तरमा बालविवाह न्यूनीकरण गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्न थालेपछि यहाँ पछिल्ला वर्षमा बालविवाह हुने क्रम घट्दो अवस्थामा छ । निस्दीमा विसं २०७९ मा २७६ जोडीले बालविवाह गरेकामा २०८१ सालको हालसम्म भने यस्ता आठ जोडी मात्र रहेका बालकल्याण अधिकारी कुश्माखर पाण्डेले जानकारी दिए । उनका अनुसार उमेर नपुग्दै विवाह गर्ने जोडीलाई बालमैत्री शाखाको समन्वयमा अभिभावक, जनप्रतिनिधि, प्रहरीको रोहवरमा २० वर्ष पुगेपछि मात्र विवाह गर्ने सहमतिमा छुटाइने गरिएको छ । यहाँ विसं २०८० मा ५२ जोडीले बालविवाह गरेका थिए ।

बालकल्याण अधिकारी पाण्डेले भने,"बालविवाह न्यूनीकरण



अभियान सञ्चालनपश्चात् यस वर्षमा आइपुग्दा उमेर नपुग्दै विवाह गरेर घरजम गर्नेको सङ्ख्या न्यून हुँदै गएको छ । विद्यार्थीलाई सचेत र थप सक्रिय बनाउन विद्यार्थीमाझ जनचेतनामूलक कार्यक्रम र पालिकामा बालविवाह न्यूनीकरण गर्न २०७९ देखि विभिन्न कार्यक्रम तथा अभियान सञ्चालन भइरहेका छन् ।"

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## व्यवस्था कमजोर नबनाऔं

**अहिले मुलुकले अभ्यास गरिरहेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणाली हो । यो राजनीतिक प्रणालीभित्र रहेर मुलुकको राजनीति चलिरहेको छ । तर राजनीतिक प्रणालीको हिसाबले इतिहास भइसकेका पूर्वराजा ज्ञानेन्द्र शाहले बेलाबखत दिने अभिव्यक्तिले भने मुलुकको राजनीति तरंगित भइरहेको छ । पूर्वराजाको अभिव्यक्तिमाथि टीकाटिप्पणी र क्रिया–प्रतिक्रिया व्यक्त भइरहेका छन् । यसले व्यवस्थालाई नै धरापमा पार्ने सम्भावना बढेर गएको छ । यस्तो अवस्था सिर्जना हुनुले व्यवस्थाका पक्षधरहरुको कमजोर मानसिकता झल्काउँछ । अहिले सडकमा राजावादी उत्रिनु दुखद् हो ।**

**संघीय लोकतान्त्रिक गणतन्त्रात्मक अभ्यासलाई अपनाएको लामो अवधि बितिसक्दा पनि अझै व्यवस्था कमजोर हुनु भनेको राजनीतिक दलका नेता–कार्यकर्ताहरुको बेइमानी चरित्र हो ।**

**जनताको बलिदानीपूर्ण आन्दोलनबाट ल्याइएको संघीय लोकतान्त्रिक गणतन्त्रमाथि धावा बोल्नु कदापी राम्रो हुन सक्दैन । सरकार र ठूला लोकतान्त्रिक दलहरूले अविलम्ब जनतालाई चित्तबुझ्दो जवाफ दिनुका साथै आफूलाई जिम्मेवार तथा जवाफदेही बनाउँदै नलैजाने हो भने नेपालको लोकतन्त्र पतनको बाटोमा जाने कुरामा कुनै सन्देह रहने छैन ।**

**यति बेला आमसर्वसाधारण निराश छन् । मुलुकमा भविष्य नदेखेर दिनहुँ हजारौँ मानिस युरोप, अमेरिकादेखि खाडी मुलुकमा अध्ययन र काम गर्न गइरहेका छन् । नीतिगत भ्रष्टाचारले राज्यका संयन्त्रहरु जर्जर बनेका छन् । राज्य संयन्त्र बिचौलियाको चंगुलमा रहेको छ । यसकारण निराश भएका जनतालाई सार्वजनिक सेवा प्रवाहमा सुधार, समुदाय केन्द्रित दिगो विकास, उनीहरुको हकहितका आवाजलाई सम्बोधन गरी राजनीतिक दलका नेताहरुले जनताको विश्वास लिनुपर्ने हो । जनतामा आशा जगाउनुपर्ने हो । निराश भएका जनताले इतिहास भइसकेको राजसंस्थामा भविष्य देख्नुपर्ने स्थिति पूर्वराजाकै कारणले नभई दलहरुले राम्ररी राज्य सञ्चालन गर्न नसकेको परिणतिबाट जन्मिएको हो । यो कुरा बुझेर पनि किन बुझ पचाइराखेको हो ? व्यवस्था कमजोर हुनुका कारणमध्ये नेताहरुको आफ्नो दुनो सोझ्याउने स्वार्थ केन्द्रित कार्यशैली, नीतिगत भ्रष्टाचार, राज्यको स्रोत–साधन आसेपासेलाई वितरण आदि पनि हुन् । यति भन्दै गर्दा लोकतन्त्रको विकल्प राजतन्त्र हुन सक्दैन । यसर्थ अब दलहरु सच्चिएर लोकतन्त्रलाई कमजोर होइन बलियो बनाएर लैजाने दिशामा सोच्न जरुरी छ ।**

### Opinion @ Social Network

जीवन भनेको दौड हो, तर सबैभन्दा अगाडि पुग्नु नै सफलता होइन - सन्तुष्ट भएर बाँच्नु नै साँचो जित हो।

*(मदन नेपालको फेसबुक स्टाटस https://www.facebook.com/nepal.madan88752)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालमा देखिएका समस्याहरुको एकमुष्ट उत्तर हो सुशासनको प्रत्याभूति



## हरिविनोद अधिकारी

*इतिहास साक्षी छ, २०१७ साल पुस १ गते राजा महेन्द्रबाट हठात् अपफत प्रजातन्त्रको पुन:स्थापना गर्न, प्रजातान्त्रिक व्यवस्थाका लागि लामो सैर्षपछि मुलुकमा २०४६ साल चैत २६ गते प्रजातान्त्रिक–बाम एकताको जगमा प्रजातन्त्र पुन:स्थापना भएको थियो ।*

राजनीतिक वृत्त र आमजनमानसमा अहिले एउटा प्रश्न उठिरहेको छ, प्रतिनिधिसभामा झण्डै दुई तिहाइ सङ्ख्या ओगट्ने देशका दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमाले मिलेर बनेको शक्तिशाली सरकारले पनि तत्काल देखिएका राजनीतिक समस्याको समाधान गर्न सकेन भने अरु कसले, कसरी गर्न सक्छ होला ? देशकासामु तेर्सिएका जल्दाबल्दा समस्या टाढैबाट देखेर पनि होला, संसद्का दुई ठूला दल मिलेर संयुक्त सरकार बनाउने अठोट गरेका हुन् ।

इतिहास साक्षी छ, २०१७ साल पुस १ गते राजा महेन्द्रबाट हठात् अपफत प्रजातन्त्रको पुन:स्थापना गर्न, प्रजातान्त्रिक व्यवस्थाका लागि लामो सैर्षपछि मुलुकमा २०४६ साल चैत २६ गते प्रजातान्त्रिक-बाम एकताको जगमा प्रजातन्त्र पुन:स्थापना भएको थियो । विसं २०५२ देखि सुरु भएको १० वर्षे सशस्त्र युद्धपछि राष्ट्रिय सहमतिका आधारमा २०६३ साल वैशाख ११ गते फेरि समावेशी लोकतन्त्रका लागि विघटित प्रतिनिधिसभाको पुन:स्थापना भएको थियो र संविधानसभाको पहिलो ऐतिहासिक बैठकबाट विसं २०६५ जेठ १५ गते मुलुकमा गणतन्त्र स्थापना भएको थियो । तत्कालीन महाराजले पनि आफूलाई जनताको नासो बुझाउन पाएको भन्दै गणतन्त्रलाई आत्मसात् गरिएको थियो । त्यतिमात्र होइन, विभिन्न दलका नेताहरुले पनि मुलुकमा प्रजातान्त्रिक व्यवस्था अपनाउने र त्यस्तो व्यवस्था संसदीय प्रजातन्त्रका रुपमा लोकतान्त्रिक व्यवस्थालाई अग्रगामी राजनीतिका रुपमा स्वीकार गर्दै पहिलेका गल्तीहरु फेरि नदोहोऱ्याइ, मुलुकलाई सुशासन दिने वाचा गरेका थिए र मात्र नेपाली जनताले राजतन्त्रको अन्त्य गर्नसमेत दलहरुलाई साथ दिएका थिए । मुलुक अहिले विभिन्न कारणले तरङ्गीत छ । चाहे पूर्वमहाराजले आफूलाई सत्ताको साँचो चाहिने छनक देखाएर होस् या सरकारविरुद्ध विपक्षीहरुको मोर्चाबन्दीका कारणले होस् या मुलुकभित्र देखिएको राजनीतिक ध्रुवीकरणका कारणले होस्, मुलुक अस्थिरताको भुमरीमा फस्न लागेको देखिन्छ । राजतन्त्रका पक्षमा जुलुस निस्कँदैमा आजको प्रजातान्त्रिक व्यवस्थाले डराउनुपर्ने त छैन तर त्यो प्रतीकात्मक रुपमा मुलुकको राजनीतिक दूरावस्था बदल्नेभन्दा पनि अनेक सैर्षले प्राप्त गरेको लोकतान्त्रिक व्यवस्था नै बदल्ने गरी षड्यन्त्र हुन लागेको कुरा पनि जग जाहेर हुँदैछ । त्यस्तै देखिँदैछ ।

यसो हुनुमा दोष कसको मानिन्छ त ? स्पष्ट उत्तर आउन सक्छ, जो सत्तामा छ, उसैले त्यसको उचित व्यवस्थापन गर्नुपर्छ । संसारमा सबैभन्दा राम्रो शासन व्यवस्था मानिएको संसदीय लोकतान्त्रिक व्यवस्थाका विरुद्धमा कुनै न कुनै कारण देखाएर जनता सडकमा आउँछन् भने त्यसमा सत्ताको बागडोर सम्हाल्नेको कतै न कतै कमजोरी भएर नै त्यही कमजोरीमाथि टेक्ने अवसर पाएको छर्लङ्ग देखिँदैछ । त्यसको मूल कारण हुनुपर्छ मुलुकमा सुशासनको कमी । सुशासनका कुरा गर्दा मुलुक भ्रष्टाचारको दलदलमा फसेको देखिँदैछ । ठूला दलहरुले त्यसको बचाउ गर्न भरमग्दुर प्रयत्न गरे पनि जनता त्यसलाई पत्याइहाल्ने पक्षमा छैनन् । त्यसका आधार भनेको प्रत्येक वर्ष महालेखा परीक्षकको प्रतिवेदनमा देखिने अर्बौंका बेरुजुहरु, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रतिवेदनहरु, ट्रान्सपरेन्सी इन्टरनेसनलको भ्रष्टाचार सूची आदि प्रमाणका रुपमा लिन सकिन्छ । सुशासनको कमी छ भनेर तत्कालीन रुपमा जोजो सत्तामा हुन्छन्, सत्तामा बस्नेहरुले त्यसको आभास पाउँदैनन् तर सत्ताबाट विपक्षमा आउने बित्तिकै त्यसको आभास दलहरुलाई कसरी हुन्छ ?

आमजनताले आफ्ना जरुरी सेवामा पाएको दु:खलाई केलाएर हेर्दा उनीहरुको सेवा प्रदानमा तीन तहकै सरकार जनताको सेवा तदारुकताका साथ उपलब्ध गराउन असफल भएको छ भन्ने कुरा सरकारकै अनुगमनले देखाउँछन् । त्यसो हो भने त्यसका लागि एउटै सूत्र हो, मुलुकमा सुशासन आवश्यक छ । सर्वत्र सुशासनको आवश्यकता महसुस गरिएको छ । यदि अहिलेको दुई तिहाइको सरकारले पनि देखिएका राजनीतिक समस्याको समाधान सहज तरिकाले दिन सकेन भने मुलुक झन झन राजनीतिक अस्थिरतातर्फ डोरिने छ र त्यो राजनीतिक वृत्तमा घातक सिद्द हुनेछ । यति धेरै राजनीतिक अनुभवले खारिएका नेतृत्वहरुबाट पनि राजनीतिक वृत्तमा देखिएका समस्याहरुको उचित र सकारात्मक समाधान भएन भने राजनीतिक अस्थिरताको कसले स्थिरतामा बदल्न सक्ला र ?

तर राजनीतिक बहसले विषयान्तर गर्न थालेको छ । कसरी सुशासन दिने र लिने भन्नेमा बहस हुनुपर्नेमा, कसरी मुलुकमा अमनचयन कायम गर्नुपर्ने हो भन्ने विषयमा सकारात्मक बहस हुनुपर्नेमा अनपेक्षित रुपमा प्रजातान्त्रिक व्यवस्थाविरुद्धमा आवाज उठ्नु राम्रो सङ्केत होइन । केही अप्रजातान्त्रिक तत्वहरु षड्यन्त्रात्मक तरिकाले प्रजातन्त्रविरुद्धमा नै आवाज उठाउन थालेका देखिन्छन् । जनतालाई सुशासन नभएकैले होला, व्यवस्था नै बदल्ने कुरामा जनतालाई भड्काउन थालेको पाइन्छ । त्यसो त २००७ सालमा सशस्त्र क्रान्ति गरेर राणा शासनको अन्त्य गरेपछि प्राप्त प्रजातन्त्रकाविरुद्धमा तत्कालैजस्तो षड्यन्त्र भएको थियो भन्ने कुरा हामी इतिहासका पानामा पाउँछौँ र प्रजातन्त्रका पक्षमा जनताले बारम्बार आन्दोलन, सैर्ष गर्नुपरेको पनि छ ।

सडकमा राजतन्त्रको माग गरेर जुलुस, भाषण र गणतन्त्रका विरोध हुँदैमा राजतन्त्रको फिर्ती होला या नहोला, तर त्यसले अनावश्यक बहसको रुप लिएको छ । राजतन्त्र त २०६५ सालमा नै गयो । पहिलो संविधानसभाको पहिलो बैठकले नै गणतन्त्र घोषणा गरेको हो र तत्कालीन महाराजले पनि त्यसलाई स्वीकार गरी पत्रकार सम्मेलन गरी नारायणहिटीबाट आफ्नो बास नागार्जुनमा सार्नु भएको थियो । झन नयाँ संविधान, नेपालको संविधानले त्यसको वैधानिकता दिएको हो । त्यसैले होला, राजतन्त्रको अनुपस्थितिलाई नै गणतन्त्र भनिएको हो ।

अहिले नेपाली जनता गणतन्त्रका पक्ष वा विपक्षमाभन्दा पनि शासन व्यवस्थामा देखिएका कमीलाई असन्तुष्टि देखाएका चाहिँ पक्कै हो । दलहरुले मुलुक चलाउने भएकाले नै आजको शासन व्यवस्थालाई बहुदलीय व्यवस्था भनिएको हो जसलाई लोकतन्त्र या प्रजातन्त्रको पृष्ठपोषणका रुपमा लिइन्छ । मुलुक राजतन्त्र या गणतन्त्रका पक्ष या विपक्षमा गएर कमजोर मुलुकलाई अझ कमजोर बनाएर लुछाचुँडी गर्नुभन्दा प्रजातन्त्रको उच्चस्वरुपमा शासनलाई सुशासनमुखी बनाउनुपर्छ । मुलुक अहिले राजतन्त्रका पक्ष या विपक्षमा जानेबेला होइन, मुलुकले सहज तरिकाले गणतन्त्रात्मक प्रजातन्त्रको बाटो समाएको छ, त्यसैमा सबैको सहभागिता हुनुपर्छ । बहुमतको शासन हुन्छ, अल्पमतको विचारलाई कदर गर्नुपर्छ । मुलुकमा राजनीतिक ध्रुवीकरणले सकारात्मक स्वरुप लिँदासम्म त्यो मुलुकले सहन सक्छ, अन्यथा मुलुकको अस्मितामाथि धावा बोलेको जस्तो हुन जान्छ । त्यसैले आजको बेला भनेको राजतन्त्र या गणतन्त्रको रोजाइको बेला पक्कै होइन । प्रजातन्त्रका केही आधारभूत तत्वहरु हुन्छन्, मान्यताहरु हुन्छन्- आवधिक निर्वाचनबाट संसद्को गठन हुन्छ जसले सरकारको नेतृत्व निर्धारण गर्छ । शक्ति पृथकीकरणका आधारमा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको गठन गरिएको हुन्छ जसले अन्तरनिर्भरताका आधारमा प्रजातान्त्रिक शासन व्यवस्थालाई अगाडि बढाइरहेको पाइन्छ । अझ सरकारका कामलाई चुस्तदुरुस्त पार्न सरकारले आफ्ना लागि सहयोग र नियन्त्रणका लागि अनेक संयन्त्र बनाएर जनताका सेवाहरु उपलब्ध गराई तिनको अनुगमनसमेत स्वतन्त्र रुपमा गराएको हुन्छ । संविधान प्रदत्त नागरिक अधिकारको उपभोग भएको छ कि भनेर, नागरिकले सामाजिक रुपमा, व्यक्तिगत रुपमा मानव अधिकारको उपयोग गरेका छन् कि छैनन् भनेर मानव अधिकारको अवस्था कस्तो छ बुझ्नका लागि विश्वव्यापी मानव अधिकारको सिद्धान्तका आधारमा त्यस्ता स्वतन्त्र आयोगको व्यवस्था गरेको पाइन्छ । हामीले विभिन्न कालखण्डमा सक्रिय राजतन्त्रको अवस्था भोगिसकेका छौं । संवैधानिक राजतन्त्रको पनि अवस्था भोगिसकेका छौं । नेपालको राजतन्त्रले मौका पाउने बित्तिकै नागरिक अधिकारहरुका विरुद्धमा आफ्ना कुत्सित उद्देश्यहरु नेपाली जनतामाथि लाद्ने गरेको पाएका थियौं । सायद त्यही भएर होला, नेपालबाट राजतन्त्र हटेको हो र त्यसका विकल्पमा सामूहिक राज्यप्रणालीका लागि आवधिक निर्वाचनमार्फत् शासन चलाउने प्रक्रियाले स्थायित्व पाउन थालेको हो ।

प्रजातान्त्रिक प्रक्रियाअनुसार प्रतिनिधिसभामा बहुमत पुऱ्याउने दलले या दलहरुले समर्थन गरेको व्यक्तिले सरकार बनाउन पाउँछ र संविधानअनुसार उसको अवधि तोकिएको हुन्छ । सबै नागरिक समान हुन्, कुनै कारणले पनि विभेद नगर्ने नीति नै प्रजातन्त्रको मुख्य विशेषता हो र सामाजिक न्यायको प्रत्याभूति पाउने व्यवस्था नै प्रजातान्त्रिक व्यवस्था हो । त्यसैले प्रजातन्त्र भनेको सामाजिक न्याय हो, सामाजिक न्यायबिना प्रजातन्त्र सम्भव छैन भनिएको हो ।

संसदीय प्रजातन्त्रमा जनताका समस्याहरुको छलफल गर्ने र तिनको समाधान गर्ने थलो भनेको संसद् हो । आवश्यकतापर्ने बित्तिकै संसद्मा प्रतिनिधित्व गर्ने दलहरु र संसद् बाहिर रहेका दलहरुसँग पनि राष्ट्रिय सहमतिका आधारमा शासन पद्धतिमा परिवर्तन गर्न पनि सकिन्छ, संविधानले दिएको सीमाभित्र संविधान संशोधन गरेर पनि समस्या समाधान गर्न सकिन्छ । अहिले निर्वाचन प्रक्रिया, दलहरुको आन्तरिक प्रजातन्त्र र दलहरुका शासन गर्ने तरिकामा देखिएका केही असन्तुष्टिहरु छन् भने तिनको निराकरण पनि संसद्भित्रैबाट गर्नुपर्छ । जनताका प्रतिनिधिहरुले पनि सडकमा सुधार खोजेरमात्र हुँदैन र सरकारले पनि समाधान सडकमा दिन सक्दैन । आपसमा समन्वयात्मक अवस्था सृजना गरी मुलुकको आर्थिक अवस्थाले भ्याएसम्म सामाजिक न्यायको प्रत्याभूति, नयाँनयाँ रोजगारीको सृजना गर्न सक्नुपर्छ । सबैको प्रयास त्यतातर्फ जानुपर्छ । प्रजातान्त्रिक व्यवस्था र जनताका अधिकार खोसिने कुरामा कसैले पनि न त सहमति गर्नुहुन्छ, न त त्यस्ता मागहरुको सम्बोधन गर्ने निहुँमा प्रजातन्त्रप्रति कुठाराघात गर्नुहुन्छ । त्यसैले अहिलेको सरकारले समस्याहरु छन् भने समयमै समधान गर्नु नै मनासिब हुनेछ ।

***(लेखक श्री हरिविनोद अधिकारी प्राध्यापन र सूचनाको हकका अभियन्ताका साथै पत्रकारिता क्षेत्रका अध्येता समेत हुन्) -रासस***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : काममा सफलता मिल्नेछ। प्रेम सम्बन्धमा सुधार आउनेछ। | **तुला** : दैनिक कार्यहरूमा सुधार आउनेछ। साथीभाइसँग मेलमिलाप । |
| **वृष** : आर्थिक पक्ष सुदृढ बन्नेछ । पारिवारिक सहयोग पाउने समय हो । | **वृश्चिक** : अनावश्यक विवादबाट बच्नुहोस्। मनमा निराशा आउन सक्छ। |
| **मिथुन** : साझेदारीमा समस्या आउन सक्छ। विचार पुर्याएर निर्णय गर्नुहोस्। | **धनु** : सफलता मिल्नेछ। विदेशसँग सम्बन्धित काममा प्रगति हुनेछ। |
| **कर्कट** : स्वास्थ्यमा ध्यान दिनुहोस्। अरुको कुरामा नलाग्नु राम्रो । | **मकर** : लेनदेनमा सजग रहनुहोस्। धार्मिक कार्यमा रुचि बढ्नेछ । |
| **सिंह** : प्रतिस्पर्धामा जित मिल्नेछ । मान–सम्मान पाउने सम्भावना छ । | **कुम्भ** : पारिवारिक झमेलाबाट सावधान रहनुहोस्। निर्णय लिने क्षमतामा वृद्धि हुनेछ। |
| **कन्या** : कामको चाप बढ्न सक्छ । प्रेम प्रस्ताव आउन सक्छ । | **मीन** : काममा समय दिने दिन हो। प्रेमीप्रेमिकाबीच मनमुटाव सुल्झनेछ। |

## स्वास्थ्य चर्चा

# कपालमा फिटकरी लगाउँदा हुनेछ धेरै फाइदा

फिटकरी लगभग हरेकको घरमा पाइन्छ। मानिसहरूले यसलाई विभिन्न तरिकामा प्रयोग गर्छन् । मुखको सरसफाईदेखि सानातिना चोटपटक निको पार्ने सबैमा फिटकरी फाइदाजनक हुन्छ ।

फिटकिरी धेरै प्रकारका सौन्दर्य उत्पादनहरूमा प्रयोग गरिन्छ जबकि धेरै मानिसहरू सिधै अनुहारमा फिटकिरी लगाउन मन पराउँछन्। फिटकरीका यी फाइदाहरू तपाइले सुन्नु भएको होला तर के तपाईलाई थाहा छ, कपालमा फिटकरी लगाउनाले के हुन्छ ? यदी सुन्नु भएको छैन भने हामी यहाँ यो प्रश्नको जवाफ दिनेछौं ।

कपाल विशेषज्ञ जावेद हबीबले हालै आफ्नो इन्स्टाग्राम ह्यान्डलमा यस विषयमा एउटा भिडियो सेयर गरेका छन् । यस भिडियोका अनुसार यदी तपाई टाउकोमा चायाको समस्याबाट हैरान हुनुहुन्छ भने फिटकरीको प्रयोग तपाईको लागि धेरै फाइदाजनक हुन सक्छ। फिटकिरीले टाउकोको डैन्ड्रफ हटाउन मद्दत गर्छ ।



**कसरी प्रयोग गर्ने**

- जावेद हबिब भन्छन्, डैन्ड्रफबाट छुटकारा पाउन कुनै पनि स्याम्पु लिनुहोस् र त्यसमा फिटकरीको राम्रो पाउडर मिसाउनु होस् ।
- यो स्याम्पु टाउकोमा राम्ररी लगाउनुहोस् ।
- कपाल विशेषज्ञहरूले यो उपाय हप्तामा एक पटक प्रयोग गर्न सल्लाह दिन्छन् । यसो गर्नाले तपाईले केही समयमै डैन्ड्रफबाट छुटकारा पाउनु हुनेछ र तपाईको टाउको सफा देखिन थाल्छ।

**यसले कसरी फाइदा दिन्छ ?**

-जावेद हबीब बाहेक धेरै रिपोर्टहरूको नतिजाले देखाउँछ कि फिटकिरीमा एन्टिमाइक्रोबियल गुणहरू हुने गर्छ । यस्तो अवस्थामा टाउकोमा चायाँ हटाउन यो उपयोगी हुन सक्छ ।

-कपालमा फिटकरी लगाउनाले पनि कपाल बटारिने समस्याबाट छुटकारा पाउन सकिन्छ । यसमा पाइने एन्टिब्याक्टेरियल गुणले कपाल बटारिने समस्या हटाउन पनि मद्दत गर्छ । यसका लागि हप्तामा एक वा दुई पटक फिटकिरी पानीले कपाल धुन सक्नुहुन्छ ।

-यी सबै बाहेक धेरै रिपोर्टको नतिजाले पनि सेतो कपालको समस्या कम गर्न फिटकरी लाभदायक रहेको देखाउँछ। यसका लागि फिटकरीलाई पिसेर धुलो बनाउने र यस पाउडरमा गुलाब जल मिसाएर पेस्ट तयार गर्नुहोस् । यो पेस्टलाई आफ्नो कपालमा लगाउनुहोस् र यसलाई सुक्दासम्म छोड्नुहोस्। तोकिएको समयपछि सफा पानीले कपाल धुनुहोस्। यसो गर्नाले सेतो कपालको समस्या कम हुन्छ ।

यद्यपि, यी सबै उपायहरू प्रयोग गर्नु अघि एक पटक प्याच परीक्षण गर्नुहोस्। फिटकिरी लगाएपछि टाउकोमा जलन वा चिलाउने महसुस भएमा यसको प्रयोग नगर्नु होस्।

*-डिसी नेपाल डटकम*

# तौल घटाउन दही खाने कि मोही ?



स्वास्थ्यका लागि दहीलाई अमृत समान मानिन्छ । शरीरलाई शीतल बनाउने भएकोले दहीलाई मात्रै होइन मोहीलाई पनि स्वास्थ्यको लागि निकै फाइदाजनक मानिन्छ ।

यी दुबैमा प्रशस्त मात्रामा पोषण पाइन्छ । दुवैले हाम्रो शरीरलाई स्वस्थ राख्न महत्त्वपूर्ण भूमिका खेल्छ । तर जबजब तौल घटाउने कुरा आउँछ, मानिसहरू यी दुईमध्ये कुन खाने भन्नेमा अन्योलमा पर्छन् । सर्सर्ती हेर्दा दुवै स्वास्थ्यका लागि राम्रो छन् ।

**त्यसो भए तौल घटाउन कुन बढी प्रभावकारी हुन्छ त ?**

तौल घटाउने प्रयास गरिरहँदा हामी यो खायो भने कति क्यालोरी पाइएला भनेर हिसाब गर्न थाल्छौं । क्यालोरीको कुरा आउँदा तौल घटाउन चाहनेका लागि दहीभन्दा मोही बढी फाइदाजनक हुन्छ । सय ग्राम दहीमा ९८ क्यालोरी हुन्छ । त्यति नै मोहीमा ४० ग्राम मात्रै क्यालोरी हुन्छ । यस्तोमा तौल घटाउने अभियानमा रहेकालाई दहीको तुलनामा मोही बढी उपयोगी हुन्छ ।

**डिहाइड्रेसनबाट बचाउँछ मोही**

मोहीमा प्रशस्त मात्रामा पानी हुन्छ । यसले शरीरलाई लामो समयसम्म हाइड्रेटेड राख्छ । मोही पिउँदा लामो समयसम्म पेट टम्म भरिएको महसुस हुन्छ । शरीरमा पानीको पनि कमी हुँदैन । अर्को महत्त्वपूर्ण कुरा चाँहि केही मानिसलाई ल्याक्टोज इन्टोलरेन्स हुन्छ ।

यस्ता मानिसहरू दही खान सक्दैनन् । दही पच्दैन । तर मोही पचाउन धेरै मिहेनत गर्नु पर्दैन । त्यसैले पनि यो राम्रो विकल्प हुन्छ ।

पौष्टिकताबारेमा कुरा गर्ने हो भने दही र मोही दुबैमा भरपुर मात्रामा प्रोबायोटिक्स पाइन्छ । यी दुबैमा क्याल्सियम, भिटामिन र अन्य धेरै पोषक तत्त्वहरू हुन्छन् ।

*-रातोपाटी डटकम*

# खर्बुजा कति गुणकारी ?



गर्मी सिजनमा विशेषत: खोलाबजरमा उत्पादन हुने खर्बुजा सेवन स्वास्थ्यका लागि अति उपयोगी मानिन्छ । कसैकसैले यसलाई तर्बुजा भनेर पनि भन्ने गरेका छन् । नेपालमा खोलाको बगरमा मात्र खर्बुजा हुने भन्ने गरिन्थ्यो तर केहि समय यता चिम्टाइलो, दोमट माटोमा पनि खर्बुजा उत्पादन गरिन थालेको छ ।

खर्बुजामा प्रशस्त मात्रामा पाइने पानी र फाइबरले पाचन प्रणालीलाई सन्तुलित राख्न मद्दत गर्छ। खर्बुजामा ९२ प्रतिशत पानी र प्रसस्त मात्रामा खनिज पाइन्छ । आयुर्वेदका अनुसार ज्वरोको समयमा खर्बुजा खाँदा पाचन प्रणाली ठीक रहन्छ । यसले तातोलाई चिसो मात्रै गर्दैन शरीरको तापक्रमलाई नियन्त्रण गर्न र पाचन प्रणालीलाई पनि ठीक राख्न मद्दत गर्छ । खर्बुजामा प्रशस्त मात्रामा भिटामिन, खनिज, एन्टिअक्सिडेन्ट पाइन्छन् । अमेरिकन जर्नल अफ हाइपरटेन्सनमा प्रकाशित अध्ययनका अनुसार खर्बुजा खाने व्यक्तिमा उच्च रक्तचाप तथा मुटु सम्बन्धी रोग लाग्न पाउँदैन। खर्बुजामा पाइने भिटामिन सी तथा अन्य एक्सिडेन्टले क्यान्सर बगाउने फ्रिरेडिकल बन्न दिँदैन र क्यान्सरबाट बचाउँछ । त्यसैगरी यसमा पाइने लाइकोपिन नामक तत्वले प्रोस्टेट क्यान्सर हुन नदिने अध्ययनहरुले देखाएको छ । साथै खर्बुजामा प्रशस्त मात्रामा पाइने भिटामिन सीले दमको रोगी बन्न दिँदैन । अझ पिसाबमा जलन वा अवरोध हुने समस्या भएका महिला वा पुरुषका लागि खर्बुजा रामबाण औषधिभन्दा कम नभएको चिकित्सकहरुको भनाइ छ ।

गर्मी मौसममा हाम्रो शरीरबाट बाहिर जाने पानीलाई खर्बुजाले सन्तुलित पार्छ। छालाका तेल ग्रन्थीमा तेल बन्न भिटामिन ए चाहिन्छ । त्यसैगरी शरीरका तन्तुहरु, छाला तथा रौंको वृद्धिको लागि भिटामिन ए जरुरी हुन्छ । खर्बुजामा पाइने भिटामिन ए ले यो जरुरत पुरा गरी छालालाई स्वस्थ राख्न मद्दत गर्छ । वैज्ञानिकहरूका अनुसार गर्मीमा शरीर ठन्डा बढाउनको लागि खाइने खर्बुजाले भियग्राको भन्दा बढी सेक्स पावर बढाउँछ ।

अमेरिकाका वैज्ञानिकहरूले गरेको एक अध्ययनबाट खर्बुजामा सेक्स ड्राइव बढाउन आवश्यक पर्ने सबै गुण हुने पत्ता लगाएका छन् । खर्बुजामा भएका तत्वहरूले भियग्राको जस्तो शरीरमा कुनै असर नपार्ने बरु थप स्वस्थ हुने बताइएको छ । त्यस्तै, ब्लड प्रेसर हाई भएका बिरामीका लागि पनि खर्बुजा वरदान सावित हुने दाबी गरिएको छ । तर, खर्बुजाबाट यसरी फाइदा लिनका लागि मन लागेको वा पाएको बेलामा खानेभन्दा पनि नियमित रूपमा सकेसम्म ताजा खर्बुजा खान चिकित्सकहरुले सुझाव दिएका छन् ।

*-इहिमालय टाइम्स डटकम*


## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
**डिभिजन वन कार्यालय**
**तानसेन, पाल्पा**


लुम्बिनी प्रदेश सरकार
**सहरी विकास तथा खानेपानी मन्त्रालय**
**खानेपानी तथा सरसफाई कार्यालय, पाल्पा**

## लिलाम बढावढ सम्बन्धी सूचना !

**दोस्रो पटक प्रकाशित मिति: २०८१/१२/२९**

यस कार्यालयमा रहेका तपसिल बमोजिमका सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र (मिति २०८२/०१/०५ गते १२.०० बजे भित्र) लिलाम विक्रीमा सहभागि हुनको लागि निवेदन पेश गर्नुहुन यो लिलाम बढावढ आह्वान गरिएको छ ।

**१. लिलाम विक्री गर्ने सम्पत्ति तथा मालसामानको विवरण:**

| क्र.सं. | सामानको नाम | इकाई | परिमाण | कै. | क्र.सं. | सामानको नाम | इकाई | परिमाण | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | मोटरसाइकल | थान | १ | | २५ | Water Test Kit | थान | १ | |
| २ | टेलिभिजन | थान | १ | | २६ | अल्टीमिटर | थान | ८ | |
| ३ | डिजिटल क्यामेरा | थान | १ | | २७ | Cutting and Threading Machine | थान | १ | |
| ४ | डिस होम सेट | थान | १ | | २८ | Cut of Machine | थान | २ | |
| ५ | पानी फील्टर | थान | ४ | | २९ | टेबुल | थान | ११ | |
| ६ | उजुरी पेटिका | थान | १ | | ३० | स्टिल दराज | थान | ७ | |
| ७ | घडि(भित्त्ते/टेबुल) | थान | ४ | | ३१ | टि टेबल | थान | १० | |
| ८ | ग्यास चुल्हो | थान | ४ | | ३२ | कम्प्युटर टेबल | थान | १ | |
| ९ | डेस्कटप कम्प्युटर | थान | ७ | | ३३ | बेन्च | थान | ३ | |
| १० | ल्यापटप | थान | ६ | | ३४ | खाट पलङ लोबेड | थान | ६ | |
| ११ | प्रिन्टर | थान | ५ | | ३५ | र्याक | थान | २ | |
| १२ | फ्याक्स मेशीन | थान | १ | | ३६ | काठको दराज | थान | ८ | |
| १३ | कम्प्युटर मोनिटर | थान | १ | | ३७ | पिन बोर्ड | थान | १ | |
| १४ | हिटर | थान | १५ | | ३८ | Notice Board | थान | ४ | |
| १५ | टेबुल पंखा | थान | ४ | | ३९ | भिजिटर चेयर | थान | ३० | |
| १६ | जेनेरेटर | थान | ४ | | ४० | Concrete Cutter | थान | १ | |
| १७ | पम्प(पानी तान्ने) | थान | १ | | ४१ | टेलिफोन | थान | ३ | |
| १८ | यु पि एस | थान | ११ | | ४२ | जिपिएस मेशिन | थान | ४ | |
| १९ | बाइन्डिङ मेशिन | थान | १ | | ४३ | कुर्चि | थान | २५ | |
| २० | ड्रिल मेशिन | थान | ५ | | ४४ | सोफासेट | थान | २ | |
| २१ | वेल्डीङ मेशिन | थान | ६ | | ४५ | रिभल्वभिङ चेयर | थान | ५ | |
| २२ | इन्भर्टर | थान | १ | | ४६ | Pipe Cutter Machine | थान | ३ | |
| २३ | डिजिटल तराजु | थान | १ | | ४७ | Stove Kerosene | थान | १ | |
| २४ | Electric Grinder | थान | २ | | | | | | |

२. लिलाम बढाबढ न्यूनतम् विक्री मुल्य रु.३,७६,१४३।- बाट सुरु हुनेछ ।
३. निवेदन पेश गर्ने अन्तिम मिति र समय: मिति २०८२।०१।०५ गते १२.०० बजे भित्र ।
४. निवेदन पेश गर्नु अघि आफूले कबोल अंकको ५ प्रतिशत धरौटी नगद दाखिला गर्नुपर्नेछ ।
५. लिलाममा भाग लिन इच्छुक व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि/ संस्था, कम्पनी वा फर्मको हकमा दर्ता प्रमाण-पत्र, पान दर्ता प्रमाण-पत्र र आ.व. २०८०/०८१ को करचुक्ता प्रमाण-पत्र पेश गर्नुपर्नेछ ।
६. लिलाम बढाबढ हुने स्थान, मिति र समय :
(क) स्थान: खानेपानी तथा सरसफाई कार्यालय, पाल्पा (ख) मिति र समय: २०८२।०१।०५ गते दिनको ३.०० बजे ।
७. सकार गरेको सामान लैजाने अविधि: आफूले सकार गरेको सम्पूर्ण रकम चुक्ता गरी ७ दिन भित्र लैजानु पर्नेछ ।
८. लिलाम बढाबढ हुने दिन सार्वजनिक विदा पर्न गएमा सो लगत्तै खुलेको अर्को दिनमा तोकिएको स्थान र समयमा लिलाम बढाबढ हुनेछ ।
९. अन्य जानकारीको लागि कार्यालय समयमा सम्पर्क राख्नु होला ।

# सुरु गर्‍यो सेनाले तेस्रो गोरखा–जितगढी पदयात्रा



**पाल्पा, चैत २८**/नेपाली सेनाले विहीबारदेखि तेस्रो ऐतिहासिक गोरखा–जितगढी एकीकरण पदयात्रा सुरु गरेको छ । ऐतिहासिक कोट, गढी, किल्लाहरुको संरक्षण गर्न र इतिहास जोगाउने लक्ष्यका साथ सेनाले गोरखा–जितगढी एकीकरण पदयात्राको थालनी गरेको हो ।

सेनाले गोरखा दरबारदेखि जितगढीसम्मको पदयात्रा सुरु गरेको छ । यो पदयात्रा नेपाली सेनाको आयोजना र स्थानीय तहहरुको सहयोगमा गोरखा–तनहुँ–स्याङ्जा–पाल्पा हुँदै रुपन्देहीको जितगढीसम्म पुग्नेछ । पदयात्रामा निस्किने टोली बैंशाख २ गते पाल्पाको रामपुर आइपुग्ने छ । टोलीले पालुङटारस्थित सतिघाटमा पुगेर तनहुँलाई र तनहुँले पाल्पास्थित सेनाको टोलीलाई झन्डा हस्तान्तरण गर्ने छ । त्यसैगरी पाल्पाले रुपन्देही र रुपन्देहीको सेनाको टोली जितगढी पुगेर आगामी वैशाख ७ गते विजयोत्सवमा सहभागी हुने कार्यक्रम रहेको छ ।

वैशाख २ गते उक्त टोलीको प्रतिनिधि मण्डल र पाल्पास्थित दि फेमस महिन्द्र दल गणले पाल्पाको गढी तथा किल्लासम्मको यात्रा गर्ने जनाइएको छ । रामपुरको केलादीदेखि तिनाउको नुवाकोट गढीसम्म पदयात्रा गर्ने कार्यक्रम तय भएको तानसेनमा आयोजित समन्वयात्मक बैंठकमा गणपति प्रमुख सेनानी भूपेन्द्र गुरुङ्गले जानकारी दिए । पाल्पाको टोलीले रुपन्देहीलाई हस्तान्त्रण गरेपछि जितगढी पुगेर समापन हुने छ । उनले नेपाल अंग्रेज युद्धमा अंग्रेज फौजलाई परास्त गर्न प्रयोग भएका गढी, किल्ला र पदमार्गको पहिचान गरी त्यसको प्रर्वद्धन गर्न पदयात्रा सञ्चालन गर्न लागिएको बताए ।

'एकीकरण मार्गलगायत ऐतिहासिक धरोहरको जगेर्ना गर्ने, ऐतिहासिक एकीकरण सम्बन्ध भावी पुस्तालाई हस्तान्तरण गर्ने यो अवसर पनि हो,' गणपति गुरुङले भने, 'राष्ट्रिय एकताको भावना थप प्रगाढ बनाउने छ ।' पर्यटन सम्भावनालाई खोजी गर्दै पदमार्गको विकास गर्ने, वर्तमानलाई भविष्यसँग जोड्न पदयात्रा गर्न लागिएको उनले बताए ।

यात्रामा पृथ्वीनारायण शाहले तत्कालीन समयमा खडा गरेका पाँच पल्टन पुरानो गोरख, कालिबक्स, बर्दवाणी, सवुज र श्रीनाथ र जितगढीको लडाइमा भाग लिएका गुरुबक्स पल्टनका ५३ जनाको टोली सहभागी हुने छन् । गोरखाको टोली पालुङटारको सतिघाट पुगेर तनहुँलाई उज्यालोको प्रतिक स्वरुप टर्च हस्तान्तरण गर्ने र तनहुँले पाल्पालाई हस्तान्तरण गर्ने कार्यक्रम रहेको पदयात्राका संयोजक सेनानी जितबहादुर कार्कीले जानकारी दिए ।

सेनाले विसं २०७९ देखि गोरखा दरबार जितगढी एकीकरण मार्गमा पदयात्रा गर्न थालेको हो । नेपाल आक्रमणमा आएको अंग्रेज सेनालाई पराजित गरेको दिनको स्मरण गर्दै बैंशाख ७ गते ऐतिहासिकस्थल जितगढी किल्लामा विजयोत्सव मनाउने गरिन्छ ।

# हावाहुरीको वितण्डा...

...हावाहुरीले पाल्पाको ऐतिहासिक भगवती मन्दिरमा पनि क्षति पुर्‍याएको छ । मन्दिरमा प्लाष्टिकले छेकेर राखिएको छानोमा क्षति पुगेको हो । हावाहुरीले व्यक्तिका घर तथा सार्वजनिक सम्पत्तिमा पनि क्षति पुर्‍याएको जिल्ला प्रहरी कार्यालय पाल्पाले जनाएको छ । जिल्लाका अधिकांस ठाउँमा हावाहुरीले छाना उडाएको छ । घरको छाना उडाएपछि केही घरमा बस्ने अवस्था समेत नरहेको स्थानीयले बताएका छन् । हावाहुरी र वर्षातले पुर्‍याएको क्षतिको विवरण सङ्कलन भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

उता गुल्मीमा पनि पानीसहित आएको हावाहुरीले जिल्लाका विभिन्न ठाउँमा भौतिक क्षति पुर्‍याएको छ । हावाहुरीका कारण घर, होटल, विद्यालयलगायत संरचनाका छाना उड्नुका साथै पशुचौपायका खोर समेत क्षतिग्रस्त भएको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ । धुर्कोट गाउँपालिका-४ स्थित जैसीथोक रौताडीका पूर्णप्रसाद पाध्याको दुईतले टिनको घरको छानो पूर्णरूपमा उडाएको छ । त्यस्तै, सोही गाउँपालिका-३ बर्दबासका कृष्ण बिष्टको दुईतले घरको पाली हावाहुरीले उडाएको छ । बिष्टको बाख्राको खोर समेत क्षतिग्रस्त बनेको छ ।

धुर्कोट-४ बर्बोट बजारमा सञ्चालित अरुण गैरेले सञ्चालन गरेको सुपारी होटल एण्ड लज पनि हावाहुरीको मारमा परेको छ । होटलको जस्ताले छाएको छानो पूर्ण रूपमा उडाएको छ । रेसुङ्गा नगरपालिका-५ गोवानेका अर्जुन विकको दुईतले टिनले छाएको घरको छानो उडाएको छ भने रुरुक्षेत्र गाउँपालिका-५ ग्वादीका कृष्ण प्रसाद ज्ञवालीको ढुङ्गा-माटोले बनेको कच्ची घरको छानोसमेत उडाएको प्रहरीले जनाएको छ । जिल्लामा हालसम्म हावाहुरीका कारण मानवीय र पशुचौपायको क्षति भने भएको छैन् ।

यस्तै अर्घाखाँचीमा हावाहुरी र वर्षाका कारण मानविय क्षति भएको छ । यहाँको भूमिकास्थान नगरपालिकामा चट्याङ लागेर घाइते भएका एक जनाको मृत्यु भएको छ । भूमिकासाथ नगरपालिका १० लिसेपानी बस्ने ७२ वर्षीय यमबहादुर घर्तीको चट्याङ लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीले जनाएको छ । हावाहुरीले पाणिनि गाउँपालिका ६ धातिबाङ्गमा १७ घर गोठका छाना उडाएको छ । हावाहुरीले छानो उडाएका घरगोठ तथा अन्य क्षतिको विवरण संकलन गर्ने कार्य भइरहेको छ ।

# सचेतना कार्यक्रमले निस्दीमा...

...गाउँपालिका अध्यक्ष मुक्तबहादुर सारुले आगामी २०८३ सालभित्र बालमैत्री गाउँपालिका घोषणा गर्न पालिकास्तरबाट विभिन्न कार्यक्रमका साथ युवामैत्री पालिका निर्माणमा पनि जोड दिइएको बताए । विद्यालयमा बालविवाह न्यूनीकरण गर्न बालविकासदेखि कक्षा १० सम्मका विद्यार्थीबीच बौद्धिक तथा शारीरिक प्रतियोगिता आयोजना गर्ने गरिएको छ । गाउँपालिकाको अभियानअन्तर्गत वडालाई विसं २०८२ भित्र बालमैत्री वडा घोषणा गर्ने लक्ष्यसहित काम भइरहेको निस्दी-२ का वडाध्यक्ष एवं बालमैत्री शासन समिति संयोजक फत्तेसिं दर्लामीले बताए । बालविवाहविरुद्ध सचेतना जगाउन, बालअधिकारको प्रत्याभूति दिलाउन, बालबालिकाको शारीरिक र मानसिक विकासका लागि बालमेला आयोजना गरिएको उनी बताउन्छन् ।

सोमबार र मंगलबार पनि यहाँ बालमेला आयोजना गरिएको र वडा नं २ बाट सुरु भएको बालमेला यस वर्ष पालिकाको सातवटै वडामा सञ्चालन गर्ने योजना रहेको गाउँपालिकाको बालकल्याण शाखाले जनाएको छ ।

वडा कार्यालयको आयोजना र गाउँपालिकाको आर्थिक सहयोगमा बैशाख महिनाभित्र सबै वडामा बालमेला कार्यक्रम गरिने बालकल्याण अधिकारी पाण्डले जानकारी दिए । *- रासस*

## खेलकुद समाचार

# कुवेतमाथि नेपालको कीर्तिमानी जित




**काठमाडौं, चैत २८**/कुशल भुर्तेलको लगातार दोस्रो खेलमा आक्रमक ब्याटिङ अनी दीपेन्द्र सिंह ऐरीको विष्फोटक ब्याटिङमा नेपालले हङकङ टी-२०आई शृखलामा कुवेतमाथि ६ विकेटको कीर्तिमानी जित हात पारेको छ ।

हङकङको मोङ कोकस्थित मिसन रोड ग्राउण्डमा कुवेतले दिएको १८६ रनको लक्ष्य नेपालले ७ बल बाँकी छँदा ४ विकेटको क्षतिमा पूरा गर्‍यो । यो नेपालले टी-२०आईमा लक्ष्य पूरा गर्दा बनाएको उच्च योगफल हो । यसअघि नेपालले मलेसियासँग १६६ रनको लक्ष्य पूरा गरेको सबैभन्दा उच्च सफल चेज थियो । नेपालका लागि ओपनर कुशल भुर्तेलले सर्वाधिक ८१ तथा आसिफ शेखले ५३ रन बनाए । यी दुई मिलेर पहिलो विकेटका लागि १२७ रनको साझेदारी गर्दै जितको आधार तय गरेका थिए । यो साझेदारी पनि नेपालको टी-२०आईमा सर्वाधिक रनको ओपनिङ साझेदारी हो । यसअघि सन् २०२१ मा नेदरल्याण्ड्ससँग नेपालले ११६ रनको ओपनिङ साझेदारी गरेको थियो । भुर्तेलले लगातार दोस्रो खेलमा अर्धशतक बनाउने क्रममा ५० बल खेल्दै समा ६ चौका र छक्का मद्दतमा ८१ रन बनाए । टी२०आईमा भुर्तेलको यो ११औं अर्धशतक हो । उनले नेपालका लागि सर्वाधिक अर्धशतक बनाउनेमा दीपेन्द्र सिंह ऐरीलाई पछि पारेका हुन् । आसिफले ३८ बल खेल्दै २ चौका र ४ छक्का प्रहार गरे । दिपेन्द्रसिंह ऐरीले १२ बलमा ३१ रनको क्यामिओ पारी खेल्दै फिनिसिङमा मद्दत गरे । दीपेन्द्रले २ चौका र ३ छक्का प्रहार गरे । कुवेतका यासिन पटेलले ४ ओभरमा १७ रन दिएर २ विकेट लिए । मोहम्मद सफीक र मोहम्मद असलमले १-१ विकेट लिए ।


वर्गिकृत डिस्प्ले

*१X५ साइजमा मात्र*

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५–५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# सुनको मूल्य एकैदिन तोलामा ५७ सयले बढ्यो



**पाल्पा, चैत २८**/नेपाली बजारमा बिहीबार सुनको मूल्य हालसम्मकै उच्च भएको छ । सुनको मूल्य एकैदिन तोलामा पाँच हजार ७ सय रुपैयाँले बढेको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ ।

यस दिन छापावाल सुनको मूल्य तोलाको एक लाख ८१ हजार १०० रुपैयाँ कायम छ । यो हालसम्मकै उच्च मूल्य हो । बुधबार छापावाल सुन प्रतितोला एक लाख ७५ हजार ४०० रुपैयाँमा किनबेच भएको थियो । यही चैत २१ गते छापावाल सुन प्रतितोला एक लाख ८० हजार ३०० रुपैयाँमा कारोबार भएको थियो । त्यो यसअघिको उच्च मूल्य कायम थियो ।

चाँदीको मूल्य पनि तोलामा ६५ रुपैयाँले बढेको छ । चाँदी प्रतितोला एक हजार ९०० रुपैयाँमा खरिद-बिक्री भइरहेको महासंघले जनाएको छ । बुधबार चाँदी प्रतितोला एक हजार ८३५ रुपैयाँमा कारोबार भएको थियो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका पूर्वअध्यक्ष तेजरत्न शाक्य अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भन्सार दर तीन महिनालाई स्थगन गरेपछि यसको असर विश्व सुन बजारमा परेको बताउँछन् । ट्रम्पले भन्सार दर स्थगन गरेपछि लगानीकर्ताले फेरि सुनलाई नै सुरक्षित देखेर लगानी बढाएकाले भाउ बढेको उनले बाह्रखरीसित बताए ।

उनका अनुसार, बिहीबार अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य प्रतिऔंस ३१ सय २७ डलर पुगेको छ । सुनको भाउ अझै तलमाथि भइरहने उनको भनाइ छ ।


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय :कैलाशनगर-५.तानसेन.पाल्पा.फोन:०७५-५२०६०१.E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९. पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई. सम्पादकः रामचन्द्र रायमाझी. प्रधान सम्पादकः जगदीशप्रसाद भट्टराई